# निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय
नीलकण्ठ न.पा. ३, धादिङवेसी, धादिङ

## मतदाता नामावली संकलन तथा अद्यावधिक सम्बन्धी सूचना।

संवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको लागी मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्य विर्वाचन आयोग, नेपालको निर्णय अनुसार मिति २०८२ कार्तिक ३० गते सम्म मात्र संकलन हुने भएको छ। यस पूर्व मतदाता नामावलीमा नाम दर्ता नभएका नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त व्यक्तिहरुले सार्वजनिक विदाको दिन वाहेक **बिहान ८:०० बजे देखि बेलुका ६:०० बजेसम्म** नामदर्ता गर्न सकिने व्यहोरा अनुरोध छ।

### नामावली नयाँ दर्ता, नामावली अद्यावधिक र नामावली खोजी सम्बन्धमा।

**नयाँ दर्ता:**

१. **https://applyvr.election.gov.np** मार्फत Pre-Enrollment (अनलाईन फारम) भर्न सक्नुहुनेछ।

२. नागरिकतामा उल्लेखित स्थायी ठेगाना बाहेक अन्य स्थानबाट नाम दर्ताको लागि बसाईसराई वा बिवाह दर्ता प्रमाणपत्र सहित दर्ता गर्न सक्नुहुनेछ।

३. Biometric का लागि Pre-Enrollment (अनलाईन फारम) फारम, सक्कल कागजात (नागरिकता/विवाहदर्ता/बसाईसराई प्रमाण पत्र) र १/१ प्रति फोटोकपीका साथ स्वयम् व्यक्ति उपस्थित हुनुपर्नेछ।

**नामावली अध्यावधिक:**

१. **https://applyvr.election.gov.np** नामावलीमा रहेका त्रुटी सच्याउने तथा नामावलीमा सार्ने सम्बन्धमा समेत सोहि प्रणाली बाट आवेदन दिन सक्नुहुनेछ।

२. मिति २०७३/१०/२० गते भन्दा अगाडी मतदाता नामावलीमा नाम दर्ता भई नागरिकतामा उल्लेखित ठेगाना भन्दा फरक ठेगानामा मतदाता नामावली रहेका व्यक्तिहरुको निवेदनका आधारमा प्रमाण भिडाई नागरिकतामा उल्लेखित ठेगानामा मतदाता नामावली सार्न सकिने। उक्त मिति भन्दा पछाडी मतदाता नामावलीमा नाम दर्ता भएका व्यक्तिहरुको वसाईसराई वा बिवाह दर्ता प्रमाणपत्र सहित निवेदन प्राप्त भएमा प्रमाण भिडाई ठाँउसारी गर्न चाहेको ठेगानामा सार्न सकिने छ।

३. प्राप्त आवेदनको कागजातहरु रुजु पश्चात कार्यालयले Message मार्फत जानकारी गराउनेछ।

**नामावली खोजी:**

१. यस अघि मतदाता नामावलीमा नाम दर्ता भैसकेको भए पुनः दर्ता गर्नु पर्दैन। आफ्नो नाम मतदाता नामावलीमा भए / नभएको **https://applyvr.election.gov.np** बाट हेर्न सकिने छ।

२०८२/०६/१८

शिव बहादुर गुरुङ
जिल्ला निर्वाचन अधिकारी


फोन नं. : ०१०-५२०३१९
E-mail :deo.dhading@election.gov.np, Website : www.election.gov.np/np/district/dhading